# नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

**सिंहदरबार, काठमाडौं**

**कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी**

**विज्ञापन नं २०७६।७७।०१**

(**दोस्रो पटक प्रकाशित मितिः २०७६।११।०५**)

कम्पनी ऐन, 2063 अन्तर्गत स्थापित नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि इच्छुक नेपाली नागरिकबाट आवेदन माग गरिन्छ।सो सम्बन्धी विस्तृत सूचना भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेभसाइट www.mopit.gov.np मार्फत हेर्न सकिन्छ।

**नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड**
**सिंहदरबार, काठमाण्डौ।**

**नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

**विज्ञापन नं २०७६।७७।०१**
दोस्रो पटक प्रकाशित मिति २०७६/११/०५

नेपाल पूर्वाधार निर्माण कम्पनीको कार्यकारी अधिकृतको पदमा चार बर्षको लागि नेपाल सरकारको राजपत्रङ्कित प्रथम श्रेणीको कर्मचारीले पाँउने सेवा सुविधा पाँउने गरी कम्पनीको नियमावलीको नियम ३६ बमोजिम नियुक्तिका लागि देहाय अनुरुपको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० (दस) दिन भित्र कार्यालय समयमा नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको कार्यालय, सिंहदरबारमा आइपुग्ने गरी रित पूर्वक दरखास्त आह्वान गरिन्छ। उम्मेद्वारले पेश गर्नु पर्ने दरखास्त फारम नेपाल पूर्वाधार निर्माण कम्पनीको कार्यालय, सिंहदरबारको कार्यालय समयमा निःशुल्क प्राप्त गर्न सकिने छ साथै दरखास्त फारम यसै साथ सलंग्न छ।

**<u>उम्मेदवारको लागि निर्धारित योग्यता तथा शर्तहरु</u>**

नेपाल पूर्वाधार निर्माण कम्पनीको नियमावलीमा उल्लेखित भएको न्यूनतम शैक्षिक योग्यता र सो बाहेकका अतिरिक्त विषयमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा नियूक्तिको लागि दरखास्त दिने उम्मेद्वारको देहायको योग्यता पुगेको हुनुपर्नेछ।

(क) नेपाली नागरिक,
(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्गः तथा व्यापार प्रशासन, वाणिज्य शास्त्र वा व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरेको,
(ग) दरखास्त दिने अन्तिम मितिमा उमेर पैंतीस वर्ष उमेर पूरा भएको र साठी वर्ष उमेर पुरा नभएको,
(घ) पूर्वाधारको क्षेत्रमा व्यवस्थापक वा सो सरहको पदमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,
(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,
(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा

नैतिकपतन देखिने फौजदारी कसूरमा सजाय नपाएको वा बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको वा सरकारलाई बुझाउनु पर्ने कर, बक्यौता बाँकी नरहेको।

खण्ड (ङ) र (च) मा उल्लेखित विषयमा उम्मेदवार स्वयंले घोषणा गरी पेश गर्नु पर्नेछ।

**उम्मेदवारले दरखास्त साथ देहाय अनुसारका कागजातहरु संलग्न राखि सिलवन्दी गरी पेश गर्नु पर्नेछः**

(क) दरखास्त दस्तुर बापत रु.५,०००/- (रुपैंया पाँच हजार) मात्र एभ्रेष्ट बैंक लिमिटेड, सिंहदरबार, काठमाण्डौंमा रहेको राजश्व खाता नं. ००१००१०६२००००० राजश्व संकेत नं. 14224 र कार्यालय कोड 337003501 मा जम्मा गरेको सक्कल भौचर,

(ख) समयमा कम्पनीको प्रभावकारी संचालनद्वारा निर्धारित उद्देश्य परिपूर्ति गर्ने र कम्पनी संचालनलाई नेतृत्वगामी भूमिका खेल्ने सम्बन्धी नेपाली वा अंग्रेजी भाषामा A4 साईजको कागजमा एकातर्फ मात्र टाइप गरिएको बढीमा पन्ध्र सय शब्द भएको सोच पत्र (Vision Statement) र बढीमा पाँच हजार शब्द भएको चार वर्षे व्यवसायिक योजना (Four year business plan),

(ग) उम्मेदवार आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(घ) उम्मेदवार आफैले प्रमाणित गरेको हालसम्मका शैक्षिक योग्यताका प्रमाण पत्र, अनुभव सम्बन्धी प्रमाण पत्र र कम्पनिसंग सम्वन्धित क्षेत्रको कुनै तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि,

(ङ) उम्मेदवार हाल कुनै संघ/संस्थामा कार्यरत रहेको भएमा विभागीय स्वीकृति पत्रको सक्कल प्रति र

(च) सम्बन्धित उम्मेदवार आफैले प्रमाणित गरेको व्यक्तिगत विवरण ।

**<u>पुनश्चः</u>**

(१) दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिने छ।

(२) स्वीकृत भएका दरखास्तहरु सम्बन्धी सूचना र त्यस पछि प्रकृयागत कार्यक्रमहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वेभसाइट (www.mopit.gov.np) मा प्रकाशित गरिनेछ।

(३) अन्तर्वार्ताका लागि छनौट गरिएका उम्मेदवारहरुले दरखास्त साथ पेश गरेका प्रमाण पत्र तथा कागजातहरुको सक्कल प्रति अन्तर्वार्ताको समयमा पेश गर्नुपर्नेछ।

(४) यस सूचनाका सम्बन्धमा कुनै थप जानकारी आवश्यक परेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय स्थित पूर्वाधार निर्माण कम्पनीको कार्यालय, सिंहदरबार (फोन नं. ४२११५८४, ईमेल: info@npncl.gov.np) मा सम्पर्क गर्न सकिनेछ।

(५) कुनै उम्मेदवरले झुट्टा कागजात पेश गरेको फेला परेमा सिफारिस समितिले कुनै पनि चरणमा उम्मेदवारको दर्खास्त रद्द गर्न सक्नेछ।

(६) दरखास्त स्वीकृत, अस्वीकृत वा रद्द गर्ने अधिकार कम्पनीमा निहित रहनेछ।

**Business Plan Outlines**

1) Context
2) Overview of Nepalese Infrastructure sector
3) Company Financial Resource Management Plan
4) Key Performance Indicators
5) Expected Output/Outcomes
6) Possible risks mitigating measures
7) Conclusion

## नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड
## नियम ३६ संग सम्बन्धित
## कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको दरखास्त फारम

क) उम्मेदवारले दरखास्त फारम भरेको पद सम्बन्धी विवरणः

| | |
|---|---|
| १. विज्ञापन नं. | २. पद |

ख) उम्मेदवारको व्यक्तिगत विवरणः

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरिकमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नं. | जारी गर्ने जिल्लाः | | मितिः |
| स्थायी ठेगाना | क) जिल्लाः | ख) न.पा/गा.वि.स. | ग) वडा नं. | |
| | घ) टोलः | ङ) मार्ग/घर नं. | च) फोन नं. | |
| पत्राचार गर्ने ठेगानाः | | | ई–मेलः | |
| बाबुको नाम, थरः | | आमाको नाम, थरः | | |
| बाजेको नाम, थरः | | पति/पत्नीको नाम, थरः | | |
| जन्म मिति | (वि.सं. मा) | (ईस्वी सन् मा) | हालको उमेरः वर्ष महिना | |

ग) शैक्षिक योग्यता/तालिम

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योगयता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

घ) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | कार्य विवरण | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |

कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु।उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु।

<table>
<tr><td colspan="2">उम्दवारको ल्याप्चे सहीछाप</td><td rowspan="2"></td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td></td></tr>
<tr><td>उम्मेदवारको दस्तखत<br>मितिः</td></tr>
</table>

कम्पनीको कर्मचारीले भर्ने

<table>
<tr><td>रसिद नं./ भौचर नं.</td><td>रोल नं.</td></tr>
<tr><td colspan="2">दरखास्त अस्वीकृत भए सो को कारणः</td></tr>
<tr><td colspan="2">दरखास्त रुजु गर्नेको दस्तखतः<br>मितिः</td></tr>
</table>

द्रष्टव्यः दरखास्तसाथ विज्ञापनमा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभवको प्रमाणपत्रको प्रतिलिपि)